'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : ४६ विहिवार २४ असोज, २०८१ 10 (Thursday) October 2024 पृष्ठ ४, मूल्य रु : १०।-

## प्रदिप भट्टराईको दाबी
# मेरो प्रतिस्पर्धी नै देखेको छैन

■ नमस्ते समचारदाता
कोहलपुर, असोज/२३



कोहलपुरमा आगामी कार्तिक ३ गते हुन गइरहेको कोहलपुर उद्योग बाणिज्य संघको निर्वाचन नजिकिदै जाँदा उम्मेद्वारहरु आ-आफ्ना राजनीतिक आश्थाका व्यवसायीहरुमा भन्दा व्यक्तिगत सम्बन्ध, नातागोता र सामाजिक तथा पेशागत सम्बन्धका व्यवसायी मतदाता हरुमा केन्द्रित हुन थालेका छन् । प्रगतिशील व्यवसायी समूहबाट अध्यक्ष पदकी उम्मेद्वार अन्जना धितालको तुलनामा लोकतान्त्रिक समावेसी व्यवसायी समूहबाट अध्यक्ष पदका उम्मेद्वार बनेका प्रदिप कुमार भट्टराई सामाजिक सञ्जालमा बढी सक्रिय देखिन्छन् । भट्टराईको सामाजिक सञ्जालमा अहिले कोहलपुर उद्योग बाणिज्य संघमा अध्यक्ष पदको उम्मेद्वार भएर मात्र होइन, उनी एक उदीयमान युवा कवि तथा साहित्य अनुरागी पनि हुन । त्यसैले पनि विभिन्न आश्था राख्ने मानिसहरु किन नहुन साहित्यकारहरु उनी प्रति सकारात्मक सोच्दछन् । जो स्वभाविकै पनि हो । भट्टराईको समूहमा अध्यक्षलाई हरदम हर समयमा आवश्यक पर्ने उनी पछिको प्रमुख पदमा रहेका वरिष्ठ उपाध्यक्ष भण्डी प्रसाद गैरे र महासचिव पदका दिपक बहादुर भण्डारीले स्वभाविक पदोन्नती हुने प्रक्रिया भै वरिष्ठ उपाध्यक्ष र महासचिव पदमा उम्मेद्वार भएका छन् । वर्तमान कार्यसमितिमा उनीहरु दुवै क्रमश उपाध्यक्ष र उपमहासचिव पदमा थिए । त्यसैले पनि लोकतान्त्रिक समूहका अध्यक्ष पदका उम्मेद्वार भट्टराईले दावी साथ भन्छन्, 'हामी प्रमुख पदहरुमा उम्मेद्वार भएका साथीहरु संघको कार्यासमितिमा स्वभाविक प्रक्रियाबाट नै ती पदहरुमा उम्मेद्वार भएका हौं । यस आधारमा पनि हामीहरुलाई संघमा आवद्ध व्यवसायी मतदाता साथीहरुले माया गरेर जिताउनु हुन्छ भन्ने आधार सहितको पूर्ण विश्वास हामीले लिएका छौं '। भट्टराईले भने, 'चुनाव हो दुई समूहमा विभाजित भएर समूगत प्रतिस्पर्धा जस्तो देखिएको छ राजनीतिक रुपमा हेर्दा । तर मेरो व्यक्तिगत रुपमा भन्नु पर्दा मैले आफ्नो प्रतिस्पर्धी सम्झेकै छैन'। भट्टराईले आफूले केही दिन अघि सामाजिक संजालमा व्यक्त गरेको विषयलाई लिएर केही मानिसहरुले गलत अर्थमा बुझेको, त्यसमा पनि व्यवसायी साथीहरु भन्दा पनि फरक आश्था भएकै कारणले आफूलाई राजनीतिकर्मी सम्झने साथीहरुले गलत अर्थमा बुझेर नकारात्मक टिप्पणी गरेकोमा दुखेसो र गुनासो पनि गरे । उनले भने, 'मैले कुनै व्यक्ति विशेषको क्षमता माथि टिप्पणी गरेकै होइन, मैले त मेरो आफ्नै करिब दश वर्षको कार्य समिति सदस्य देखि वरिष्ठ उपाध्य भएर संघ हेर्दा र भोग्दाको अनुभूतीले सो कुरा व्यक्त गरेको थिए । निश्चित पनि मेरो जस्तो र जति अनुभव र अनुभूती मेरो प्रतिस्पर्धी सँग पक्कै छैन भन्ने बुझाई हो मेरो । जुन हामी सबैले थाहा पाएको सत्य हो ।'













सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## दशैंको सबैलाई शुभकामना

हाल बडादशैं २०८१ को नवरात्र चलिरहेको छ। हिन्दू नेपालीहरुले भै नभै अैचोपैचो तथा ऋण धन गरेर भए पनि एकछाक मिठो मसिनो खाने वर्षदिनको सबै भन्दा ठूलो चाड हो। शहरमा भन्दा गाउँघर तिर अहिले पनि यसको धेरै मान्यता र महत्व छ। घर छोडेर बाहिर विभिन्न कामले गएकाहरु सकभर दशैमा घर फर्किने र आफ्ना आमा बुवा तथा मान्यजनहरुबाट टिका थापी आशिर्वाद लिने हाम्रो सास्कृतिक परम्परा रहँदै आएको पनि छ। तर यस पटकको दशै धेरै नेपालीहरुको लागि पीडादायक छ। नेपालको कोशी, गण्डकी मधेश, वाग्मती र केही लुम्बिनि प्रदेशका अधिकांश स्थानमा दुई हप्ता अघि भारी वर्षा भयो। त्यसबाट धेरैको घरबास, धनजन तथा सार्वजनिक संरचनाहरु समेत नास गर्‍यो। काठमान्डौं उपत्यकामा त झन विनासको बाढी नै आयो। यस्तो पीडाको थुप्रोमा उभिएका नेपालीअरुले कस्तो र कसरी बडा दशैलाई हर्षोल्लासपूर्वक मनाउलान र ? त्यही पनि हामी हिन्दु नेपालीहरुले समाजमा कतिपयले लाज छोप्नकै लागि अैचोपैचो तथा ऋण धन गरेर भए पनि एकछाक मिठो मसिनो खान बाध्य छन् परम्पराको नाममा। पीडा माथि अर्को ऋणको भारीको पीडा बोकेर दशैं नमनाउ। बरु आफू सँग जे छ, त्यसैमा खुसी भएर दशै मनाउ। यही शुभकामना छ।

# दसैंको मुखमा विपद्

राजेश विद्रोही

दसैं आइसक्यो। तर, दशा टरेको छैन। दसैंको मुखमा तीन दिनको अविरल वर्षाको कारण लाखौं नेपालीको जनजीवन प्रभावित भएको छ। खासगरी यस पटकको बाढी पहिरोको विपद्ले राजधानी र पहाडी क्षेत्रमा ठूलो जनधनको क्षति भएको छ। २ सय ४४ जनाको ज्यान गएको छ। कैयौं बेपत्ता र सयौं घाइते भएका छन्। सडक यातायातलगायतका खर्बौंको भौतिक संरचना ध्वस्त भएको छ। यतिसम्म कि कतिपय नागरिकको उठिबास नै भएको छ। के खाने ? के लाउने ? कहाँ बस्ने ? कसरी जीवन टार्ने ? सम्मको स्थिति छ। त्यसैले यस्तो स्थितिमा दसैंजस्तो पर्व उनीहरूको दिमागमै अटेको छैन। बाढीपहिरोले व्यक्तिको निजी सम्पत्ति र जीवनमात्र ध्वस्त भएको छैन। सरकारी र सार्वजनिक सम्पत्तिसमेत ध्वस्त भएको छ। सरकारले त दातृ राष्ट्रहरूबाट खर्बौं अनुदान पाउँछन्, पाए पनि। तर, सर्वसाधारण नागरिकले तुलनात्मक रूपमा केही पनि पाउन सकेका छैनन्। यतिसम्म कि आफ्नो सम्पूर्ण कुरा गुमाएर अरूको थोरै राहतमा त्यो पनि मिडियाबाजी र सरकारको कागजी मिलानमा बाँच्नु परेको छ। जबकि सामान्य स्थितिमा होस् वा जटिल स्थितिमा सरकारले नागरिकलाई पाइलैपिच्छे कर असुली गर्छ। तर, आपत-विपद्को बेला सरकार आफ्नै नागरिकलाई चिन्दैन। अरूकै राहत र आहतमा बाँच्नुपर्ने स्थिति अझै पनि छ। यतिसम्म कि दुःख र विपद्लाई झन् कमाइ खाने भाँडो बनाउने प्रवृत्ति बढ्दो छ। यतिबेला दसैंको मुखमा काठमाडौंमा बाढीपहिरोको बन्धक बनेकाहरूको जीवनमाथि सरकार देखि व्यक्ति र निजी कम्पनीहरूले ठूलो व्यापारिकधन्दा खोलेका छन् भन्दा अत्युक्ति नहोला। तथापि नागरिकले सजिलो तरिकाले काठमाडौं बाहिर निस्किन सकिरहेको छैन। चारैतिरको स्थलगत नाकाहरू करिब बन्दकै अवस्थामा छ। सरकारले खोल्ने प्रयत्न त गर्छ, तर फेरि वर्षाका कारण बनाएको बाटोघाटो पुरिने वा सुख्खा पहिरो जाने क्रम रोकिन्छ भन्ने ग्यारेन्टी छैन। दिनरात खटेर मुस्किलले बनाएका बाटो पनि केही घण्टा खुल्लान् तर बन्द हुने त्रास उत्तिकै छ। हवाई मार्गको अवस्था पनि जर्जर छ। टिकट छैन। भएको पनि 'प्याक' छ। नियमित फ्लाइटभन्दा दस गुणा बढी फ्लाइट दिनमा भइरहेको छ। तर पनि चाप घटेको छैन। टिकटको चर्को मूल्य तिर्दा पनि समयमै मान्छे आफ्नो गन्तव्यसम्म पुग्दैन। कुनै बेला मौसमले साथ दिँदैन। कुनै बेला बाक्लो फ्लाइटले हुने दुर्घटनाको जोखिमको त्रासदी छ। विपद्को समयमा राहत, सहयोग र उद्धार मनसाय हुनुको साटो टिकटमा चर्को भाडा असुल्ने र व्यावसायिक लाभ लिने प्रवृत्ति राजधानीमा देखादेखी बढेको छ। सरकारले समयमै वैकल्पिक व्यवस्था गर्न सकिरहेको छैन। दसैं आइसक्यो। तर, दशा टरेको छैन। दसैंको मुखमा तीन दिनको अविरल वर्षाको कारण लाखौं नेपालीको जनजीवन प्रभावित भएको छ। तर सरकार यसबारेमा मौनजस्तै छ।



ठूलठूला कुरा गर्ने नेता, कर्मचारी तथा शासक प्रशासक अनि जनता लुटेर विपद्मा राहत र अनुदानको नौटंकी गर्ने निजी कम्पनी तथा संघसंस्थाहरूको रवैया हेरिसक्नु छैन। के के न गरेजस्तो व्यवहार देखाउने उनीहरूको हविगत यस पटकको विपद्मा मात्र होइन, पटकपटकको विपद्ले पुष्टि गर्दै आएको छ। विपद्का बेला पनि राज्य र सरकारको महसुस गर्न नसक्ने नागरिकले चर्णिकलाल तामाङहरूको बोध गर्न बाध्य छन्। यस्तो अवस्थामा विपद्मा दिनरात खट्नुभन्दा आफ्नो लाज ढाक्न चणिकलालहरूको सम्मान गर्न मरिहत्ते गरिरहेका छन्। र, हुर्मत लिइरहेका छन्। आजकल शासक प्रशासकहरूले पनि मिडियामा स्टन्ट गर्न खुब रुचाउन थालेका छन्। उनीहरू आफ्नो अर्गानिक जिम्मेवारीलाई बोध गर्नुभन्दा आफ्नो कुर्सीलाई बचाउन र टिकाउन मिडियाको बल र गरिमालाई समेत ध्वस्त पार्न थालेका छन्। यसको नकारात्मक प्रभाव आम नागरिकमा परिरहेको छ। सरकारले विपद् जोखिम नियन्त्रण तथा न्यूनीकरण गर्न वर्षमा विभिन्न तालिम सञ्चालन गर्दै आएको छ। स्वदेश तथा विदेशमा हुने ती तालिमहरूमा अर्बौं खर्च गर्छन्। तर, विपद्मा आजसम्म त्यो अनुभव र तालिमहरूले कुनै प्रभावकारी भूमिका खेल्न सकेको छैन। सीमित सफलताभन्दा असफलता नै बढी छ। सय वर्षको अवधिमा सरकारले सडक, बाटोघाटोलगायतका भौतिक पूर्वाधार विकास तथा संरचनामा ठूलो फड्को मारेको देखिन्थ्यो। नागरिकलाई राजधानीसँग जोड्न र राजधानीको लाभ लिन हेटौंडा, सिन्धुलीलगायतका विभिन्न स्थलगत बाटोहरूको निर्माण गर्‍यो। तर, त्यो सम्पूर्ण संरचना बलियो र दीर्घकालीन रूपमा निर्माण भएको देखिएन। यतिसम्म कि तीन दिनको अविरल वर्षाले मुलुकको भौतिक विकास निर्माण कार्यलाई पुरानै ठाउँमा पुर्‍याइदिएको छ।

*-गोरखापत्र*

नेपालीहरुको महान पर्व विजया दशमी,
शुभ दिपावली तथा छठ पर्व-२०८१
सालको पावन अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक,
शिक्षक, कर्मचारी, बुद्धिजिवी तथा शिक्षाप्रेमीहरुमा
सुख, शान्ती समृद्धि र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
जय बहादुर विष्ट (प्रिन्सिपल)
कृष्ण कुमार आचार्य (विव्यस अध्यक्ष)
लक्ष्मी माध्यमिक विद्यालय
कोहलपुर-२, बाँके
समस्त परिवार

हार्दिक मंगलमय
शुभकामना
विजया दशमी, तिहार तथा छठ पर्व २०८१ सालको शुभअवसरमा हामी हाम्रा समस्त नगरबासी बुवाआमा, दाजुभाई, दिदीबहिनी, सेवाग्राही, राजनैतिक दल तथा कर्मचारीहरु लगायत सम्पूर्ण शुभेच्छुकहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य, दीर्घायू एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मालपोत कार्यालय
कोहलपुर, बाँके

नमस्ते कर्णाली www.namastekarnali.com
दशैं तिहार र छठ पर्व २०८१ को
शुभकामना
नेपालीहरुको महान चाड
विजया दशमी, शुभ दीपावली,
छठ पर्व २०८१ तथा नेपाल सम्वत् ११४५ को पावन अवसरमा हामी हाम्रा सम्पूर्ण अभिभावक, विद्यार्थी, प्राध्यापक, कर्मचारी, सञ्चालक एवम् शुभेच्छुक महानुभावहरु लगायत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
जनक चन्द (प्रिन्सिपल)
वेग प्रकाश चन्द (प्रबन्ध निर्देशक)
पूर्ण बहादुर चन्द (अध्यक्ष)
जनज्योति पब्लिक हाई स्कुल
कोहलपुर-२, एन.सि.सि.एन, बाँके
समस्त परिवार

नमस्ते कर्णाली www.namastekarnali.com
दशैं तिहार र छठ पर्व २०८१ को
शुभकामना
नेपालीहरुको महान चाड
विजया दशमी, शुभ दीपावली,
छठ पर्व २०८१ तथा नेपाल सम्वत् ११४५ को पावन अवसरमा हामी हाम्रा सम्पूर्ण अभिभावक, विद्यार्थी, प्राध्यापक, कर्मचारी, सञ्चालक एवम् शुभेच्छुक महानुभावहरु लगायत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
डिल्लीराज घिमिरे (प्रिन्सिपल)
एवम्
किशोर राज मल्ल (एम.डी)
पञ्चमूखी ई.मि. स्कुल
कोहलपुर-५, बाँके
समस्त परिवार

# ‘देश चलाएको त मारवाडी सेवा समितिहरू जस्ताले रहेछः’–बालेन

नमस्ते समचारदाता

काठमाडौं, असोज/२३



काठमाडौँ महानगरपालिकाका मेयर बालेन्द्र शाहले देश मारवाडी सेवा समिति जस्ता समितिहरूले चलाएको भन्दै सरकार तथा सरकारी निकायको तीब्र आलोचना गरेका छन् । महानगरको टोलीले गौशाला धर्मशालामा बोर्ड राख्न लाग्दा मारवाडी सेवा समितिका पदाधिकारी तथा सदस्यले विरोध गरेपछि मेयर शाहको पछिल्लो प्रतिक्रिया आएको हो । प्रहरीले समेत मारवाडी सेवा समितिको संरक्षण गरेको आरोप लगाएका छन् । सामाजिक सञ्जालमा लेख्दै मेयर शाहले देश त्यस्ता समितिहरूबाट चलेको रहेछ भन्दै प्रतिक्रिया दिएका हुन् ।

उनले लेखेका छन्, ‘नाजायज सम्बन्धबाट सम्झौता गरी गौशाला धर्मशालाको नाममा मारवाडी सेवा समितीले ९ रोपनी ९ आना २ पैसा जग्गा वर्षौंदेखि केही हजार रुपैयाँ तिरेर हडपेको जग्गा अदालतले दाबी पुग्दैन भनेर पशुपति विकास कोषलाई नै जिम्मा दिन्छ, अनि कोषले महानगरलाई धर्मशाला तथा असक्तहरुलाई निशुल्क खाना र औषधि उपचार गर्न भनेर दिएको कुरा अहिलेलाई संरचना महानगरले संरक्षण गर्न खोज्दा नेपाल प्रहरीले महानगरलाई हस्तक्षेप गरेर त्यो समितिको संरक्षण गर्छ भने बुझे हुन्छ देश चलेको त यस्तै समितिबाट पो रहेछ, अनि हामी चाहिँ प्रहरी र सरकारले देश चलाएको भन्दै भ्रममा रहेछौं ।’

## गाउँपालिकामा...

गाउँपालिकाका अनुसार गाउँपालिका हवलदार जगतबहादुर डांगरसँगै गाउँ प्रहरी जवानमा दानबहादुर शाही, जीवन बुढा, कविता भण्डारी, टिका प्रसाद जैसी, धनेन्द्र विमल शाही, एकराज थापा, वीरसिंह थापा, झुपुल्ली वानिया रहेका छन् । उनीहरूलाई जम्मा २०० पूर्णाङ्क मध्य सैद्धान्तिक १०० र व्यवहारिक १०० पूर्णाङ्कको तालिम भएको थियो । गाउँपालिका अध्यक्ष अजबहादुर शाहीले सशस्त्र प्रहरी बल ३३ नम्बर गणले तालिम दिएर १० जना जवानलाई दक्ष बनाइदिनु भएकोमा धन्यवाद ज्ञापन गर्दै गाउँपालिका युवालाई रोजगार दिने उद्देश्य र गाउँपालिकाको शान्ति सुरक्षा, सरसफाइमा जोड दिन आवश्यक रहेको छ । उहाँले गाउँ प्रहरीले खत्याडमा विभिन्न प्रकारका बेतिथिको अन्त्यका लागि सहयोग गर्नेमा जोड दिनुभयो । जुम्लाका प्रमुख जिल्ला अधिकारी रामबहादुर शाहीले गाउँ प्रहरी उत्पादन गर्ने खत्याड गाउँपालिकालाई धन्यवाद ज्ञापन गर्नुभयो । उहाँका अनुसार अब गाउँ प्रहरी जवानले गाउँपालिकाको कार्यविरण अनुसार काम गर्न निर्देशन दिनुभयो । उहाँले गाउँपालिकाले पनि प्रहरीको आगामी वृत्ति विकासमा जोड दिने अपेक्षा गरिएको छ । यस अगाडि जुम्लाको चन्दननाथ नगरपालिकाले पनि नगर प्रहरी भर्ना गरी तालिम गरेको छ ।









# बेमौसमी तरकारी खेती गर्ने तालिम

■ नमस्ते समाचारदाता
हुम्ला, असोज/२३



सिमकोट गाउँपालिका-७ र ८ का किसानहरुलाई बेमौसमी तरकारी खेती तथा ग्रिन हाउस निर्माण सम्बन्धी तालिम प्रदान गरिएको छ । मौषम सकिए पछि बेमौसमी तरकारी खेती कसरी गर्ने तथ त्यस्ता खेतीबाटके कस्तो लाभ लिन सकिन्छ भन्ने विषयमा जानकारी गराउन किसानलाई सो सम्वन्धि तालिम दिईएको छ । सिमकोट गाउँपालिकामा दुई वटा वडाका ६ वटा बस्तीका किसानलाई यो तालिम प्रदान गरिएको आधार विकास नेपाल हुम्लाका कृषि प्राविधिक गगन रोकायाले बताए । अब बेमौसमी तरकारी खेती गर्ने समय सुरु हुन थालेको कारण समयमै किसानलाई यस सम्बन्धि तालिमको ब्यवस्था गरिएको उनले बताए । सबै बस्तीका चार सय सत्तरी जना किसानहरुलाई तालिम प्रदान गरिएको हो । यसमा सिमकोट गाउँपालिका-७ को धारापोरीका गाउँका बीस जना र चौगानफ्या गाउँका ३५ जना किसानलाई तालिमा दिइएको छ भने वडा नम्बर ७ को स्याँडाका दुई सय पचास जना, याङ्गुका सत्तरी जना, साँताका साठी जना र खोल्सीका पैतीस जना किसानहरुलाई प्रदान गरिएको छ । असोज लागेसँगै किसानले हिउँदका लागि ग्रीन हाउन निर्माण सुरु गर्ने र त्यसमा तरकारी लगाउन थालिनेछ ।

# गाउँपालिकामा १० जना प्रहरी दीक्षित

■ नमस्ते समाचारदाता
मुगु, असोज/२३

मुगुको खत्याड गाउँपालिकाले नगर (गाउँ) प्रहरी भर्ना गरेको छ । गाउँपालिकाको सरसफाइ, शान्ति सुरक्षा तथा अन्य विभिन्न कामका लागि १० जना नगर (गाउँ) प्रहरी दीक्षित भएका छन् । गाउँपालिकाले भर्ना गरेको प्रहरीलाई सशस्त्र प्रहरी बल हेडक्वाटर नं ३३ त्रिपुरा गण जुम्लाले उनीहरूलाई दीक्षित गरेको हो । प्रहरी उपरीक्षक लालबहादुर शाहीका अनुसार गाउँपालिका प्रहरी हवलदार जगतबहादुर डांगरको नेतृत्वमा १० जनालाई एक महिनाको तालिम सम्पन्न गरेर दीक्षित गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार २०८१ भदौ १७ गते बाट सुरु भएको तालिम २०८१ असोज २२ गते जुम्लामा अन्तिम दीक्षान्त समारोह गरेर सम्पन्न भएको हो ।

बाँकी ३ पेजमा...










नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखाःसुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
; Dks{M*$&@^()# OjhM namastekarnali1@gmail.com मुद्रणः गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके